मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/०४/१३ बैठक सङ्ख्याः १

वैठक प्रारम्भ समयः ०२:०० बजे अपरान्ह बैठक समापन समयः ६:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडाअध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडाअध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| २ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| ३ | श्री विमल यक्सो | वडासचिव | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री लक्ष्मी मगर | क.अ. | | |
| ५ | श्री घनेन्द्र थापा | सहायक क.अ. | | |

**प्रस्ताव नं. १. करार कर्मचारी पदपुर्ती गर्ने विज्ञापन खुलाउने सम्बन्धमा ।**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न शाखामा आवश्यक करार कर्मचारी पदपुर्तीको लागि निम्न अनुसारको पदहरुमा विज्ञापन गरी करार सेवामा नियुक्ती गर्ने निर्णय पारित गरियो ।

**निम्न:**

| क्र.सं. | शाखा/कार्यालयको नाम | ठेगाना | पद | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | पापुङ स्वास्थ्य चौकी | वडा नं. ५ | अ.हे.व. | १ | |
| २ | सामुदायिक स्वास्थ्य इकाई सिम्बुक | वडा नं. ५ | अ.न.मी. | १ | |
| ३ | सामुदायिक स्वास्थ्य इकाई खोक्लिङ | वडा नं. २ | अ.न.मी. | १ | |
| ४ | खोक्लिङ स्वास्थ्य चौकी (वर्थिङ सेन्टर) | वडा नं. १ | स्विपर | १ | |
| ५ | रोजगार शाखा | गाउँपालिका | रोजगार सहायक | १ | |
| ६ | पञ्जीकरण शाखा | गाउँपालिका | फिल्ड सहायक | १ | |

**प्रस्ताव नं. २. क्यान्टीन र फोटोकपी सेन्टर भाडा सम्बन्धमा ।**

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाले निर्माण गरेको भवन कोठाभाडा मिति २०७९ साउन ०१ गते देखी लागु हुने गरी क्यान्टिनको प्रति महिना रु. २०००।- (अक्षरेपी दुई हजार रुपैया मात्र) र फोटोकपी सेन्टरको भाडा प्रति महिना रु. १०००।- (अक्षरेपी एक हजार रुपैया मात्र) दर कायम गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ३. सहजीकरण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा निम्न अनुसारको पालिका स्तरिय भुमिहिन तथा अव्यवस्थीत बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय पारित गरियो ।

**निम्न:**

गाउँपालिका अध्यक्ष श्री भक्त बहादुर कार्की — संयोजक
गाउँपालिका उपाध्यक्ष श्री डण्डु लामा शेर्पा — उपसंयोजक
राजनितिक दलका प्रतिनिधि — सदस्य
कार्यपालिका सदस्य दलित श्री मदन कुमार वि.क. — सदस्य
कार्यपालिका सदस्य महिला श्री फुपुलामु शेर्पा — सदस्य

सहजीकरण समितिले मनोनित सदस्य

प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**प्रस्ताव नं. ४. पालिका प्रवक्ता तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको उपाध्यक्ष श्री डण्डु लामा शेर्पा लाई यस गाउँपालिको प्रवक्तामा तोक्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५. न्यायिक समिति वैठक भत्ता सम्बन्धमा ।**

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा न्यायिक समितिको प्रत्येक वैठकमा वैठक भत्ता उपस्थित समितिको सदस्यहरु मध्ये जनप्रतिनिधिहरुको हकमा प्रदेश ऐन अनुसार वैठक भत्ता रकम हुने र कर्मचारीको हकमा प्रति वैठक रु. १०००।- तोकी गाउँपालिकाले भुक्तानी दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ६. न्यायिक समितिमा वकिल तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा न्यायिक कार्य सम्पादनको लागि कानुनी परामर्शको रुपमा अधिवक्ता श्री राम कुमार थापालाई तोक्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ७. न्यायिक समितिको कार्यालय संचालन व्यवस्थापनको निम्ति कर्मचारी तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि छलफल गर्दा न्यायिक समितिको कार्यालय संचालन व्यवस्थापनको निम्ति कर्मचारी पञ्जीकरण शाखा प्रमुख **श्री मिङमा शेर्पालाई** तोक्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ८. वडा सचिव तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि छलफल गर्दा कर्मचारी सरुवा भएकोले गर्दा सवै वडामा वडासचिव अपुग भएको कारण अर्को व्यवस्था नभए सम्मको लागि निम्न अनुसार स्थायी शिक्षकलाई वडा सचिवको रुपमा तोक्ने निर्णय पारित गरियो ।

**निम्न:**

| क्र.सं. | शिक्षकको नाम | कार्यरत विद्यालय | वडा कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | गोपाल चन्द्र थलङ | साँवा मा.वि., साँवा | वडा नं. ४, साँवा | |

साथै थप जिम्मेवारीको रुपमा वडा नं. ४ मा कार्यरत वडा-सचिव श्री मान बहादुर पालुङवालाई आज सम्म सफल कार्य सम्पादन गरेकोमा धन्यवाद दिदै गाउँपालिकाको प्रशासन शाखामा यथावत जिम्मेवारीमा रहने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९. थप मतदान केन्द्र स्थल तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ४, साँवा, दलैचा स्थित जनरात्री आ.वि. मा र वडा नं. ५ पापुङ, सिम्बुक प्रा.वि. मा साविक मतदान केन्द्रबाट भौगोलिक दुरी टाढा भएको तथा आवतजावत गर्न बाटो असहज भएकोले थप मतदान केन्द्र स्थल तोक्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको हेरफेर व्यवस्थापन, कार्यालय समय नियमितता, कामकाज व्यवस्थापन र गुनासोहरु आएमा त्यसको व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११. हाईड्रोपावरबाट प्रभावित क्षेत्र सम्बन्धमा ।**

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस मिक्वाखोला गाउँपालिका भित्र निर्माणाधिन सानिमा हाइड्रोपावरबाट साविक खोक्लिङ गा.वि.स. हालको मिक्वाखोला गाउँपालिका वडा नं. १ र २ खोक्लिङलाई प्रभावित क्षेत्रको रुपमा राख्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२. ठेक्का सम्बन्धमा ।**

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस मिक्वाखोला गाउँपालिका भित्र आ.व. २०७९/८० मा सञ्चालित कार्यक्रम/आयोजनाको लागि रु. १० लाख सम्मको कोटेशन विधिबाट, रु. १० देखी ५० लाख सम्मको हार्डविट विधिबाट र ५० लाख देखी माथी ई-विट विधिबाट सूचना गरी कार्यक्रम/आयोजना संचालन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा ।**

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ माथि छलफल गर्दा निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री ललित नारायण यादव र वडा सचिवहरुको प्रोत्साहन भत्ता माग र यस कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको प्रोत्साहन भत्ता यस पछि बस्ने यस आ.व.को दोश्रो कार्यपालिका वैठकबाट छलफल तथा निर्णय गर्ने गरी निर्णय पारित गरियो ।

***<u>आजको कार्यपालिका वैठक यहि अन्त्य गरियो ।</u>***